# स्थानीय तह निर्वाचन (पहिलो संशोधन) आचार संहिता, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।१।१८**

प्रस्तावनाः स्थानीय तहनिर्वाचन आचार संहिता, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आचार संहिताको नाम "स्थानीय तह निर्वाचन (पहिलो संशोधन) आचार संहिता, २०७४" रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त लागू हुनेछ ।

२. स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ को दफा ४ मा संशोधन : स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ (यस पछि "मूल आचार संहिता" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. निर्वाचनमा सवारी साधनको प्रयोग : (१) निर्वाचनमा देहायका उम्मेदवारले देहाय बमोजिम सवारी साधन प्रयोग गर्न सक्नेछन्:-

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र एउटा मोटर साइकल,

(ख) उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल,

(ग) सवारी साधन नचल्ने ठाउँमा बढीमा दुईवटा घोडा ।

(२) उपदफा (१) बमोजिम सवारी साधनकोप्रयोग गर्नु अघि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले त्यस्तो सवारी साधन प्रयोग गर्न अनुमतिपत्रका लागि सम्बन्धित निर्वाचन अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको निवेदन परेमा निर्वाचन अधिकृतले उपदफा (१) को अधीनमा रही अनुसूची-२ बमोजिमको ढाँचामा सवारी साधनको अनुमतिपत्र जारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम एउटा उम्मेदवारको नाममा अनुमतिपत्र प्रदान गरिएको सवारी साधन अन्य उम्मेदवारले प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(५) उपदफा (३) बमोजिम जारी गरिएको सवारी साधनको अनुमतिपत्रको अभिलेख सम्बन्धित निर्वाचन अधिकृतले राख्नु पर्नेछ ।"

३. मूल निर्देशिकाको दफा ५ मा संशोधन : मूल निर्देशिकाको दफा ५ को उपदफा (२) मा रहेका "निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल निर्देशिकामा अनुसूची थप : मूल निर्देशिकामा देहायका अनुसूची-१ र अनुसूची-२ थपिएका छन् :-

अनुसूची-१

(दफा ४ उपदफा (२) सँग सम्बन्धित)

## सवारी साधनको अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
.......................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका,
.......................... जिल्ला ।

विषय : निर्वाचन प्रचार-प्रसारको लागि सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

.....................महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको ..................... पदमा ..................... राजनीतिक दलका/स्वतन्त्र उम्मेदवार ...............................को तर्फबाट निर्वाचनको प्रचार-प्रसारको लागि स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ को दफा ४ को अधीनमा रही देहायको विवरण अनुसारको सवारी साधन प्रयोग गर्न अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

सवारी साधनको विवरण

| क्र.सं | सवारी साधनको किसिम | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी साधनको धनीको नाम |
|---|---|---|---|---|
| १. | जीप/कार<br>थान : | | | |
| २. | मोटरसाईकल<br>थान : | | | |
| ३. | घोडा<br>संख्या : | | | |

उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिको नामः ...................................

दस्तखतः ...................................

राजनीतिक दल.............../स्वतन्त्र उम्मेदवार

मितिः ..................................

अनुसूची-२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग

**निर्वाचन अधिकृतको कार्यालय**

............................गाउँपालिका/नगरपालिका

जिल्ला......................

**<u>सवारी साधनको अनुमतिपत्र</u>**

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नाम, थर :.....................

उम्मेदवारको वतन :..................................

उम्मेदवारको राजनीतिक दलको नाम :...................../स्वतन्त्र उम्मेदवार

सवारी साधनको किसिमः जीप/कार/भ्यान/मोटरसाइकल सवारी साधनको दर्ता नं. :................

सवारी साधन धनीको नाम,थर :................................

सवारी साधन धनीको वतनः ....................................

सवारी साधन दर्ता भएको जिल्ला/अञ्चलः.................

अनुमतिपत्र बहाल रहने अवधिः ...................................सम्म ।

कार्यालयको छाप

निर्वाचन अधिकृतको,-

दस्तखत :

नाम :

मिति :